**आकाशवाणी समाचार- नेपाली**

मितिः १० नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज लुआंडामा अंगोलाको संसदलाई संबोधित गर्नुहुनेछ।श्रीमती मुर्मु 8 नवंबर देखि 13 नवंबरसम्म अंगोला र बोत्सवानाको भ्रमणमा हुनुहुन्छ।

- २.प्रधानमंत्री नरेन्द्र मोदीले भारतदेखि थिम्पू पुगेका भगवान बुद्धको पवित्र अवशेषहरुको श्रद्धापूर्ण स्वागतको लागि भूटानका मानिसहरु र नेतृत्वको सराहना गर्नुभयो। प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि भुटानको दुई दिने भ्रमणमा रहनुहुनेछ ।

- ३.सात राज्यका आठ विधानसभा सिटका लागि भोलि उपचुनाव हुनेछ भने बिहारमा विधानसभा चुनावको दोस्रो र अन्तिम चरणको निर्वाचनका लागि मतदान भोली हुनेछ।

- ४.एक प्रमुख सामाजिक पहल अन्तर्गत, असम क्याबिनेटले असम बहुविवाह निषेध विधेयक, 2025 लाई अनुमोदन गरेको छ।

- ५.बीबीसीका महानिदेशक टिम डेवी र न्यूज़ की सीईओ **डेबोरा टर्नेस** ले डोनाल्ड ट्रंप माथि बनेको एक वृतचित्रको आलोचनापछि आफ्नो पदबाट राजीनामा दिएका छन्।

- ६.शुटिंगमा , भारतका अनीश भानवालाले मिस्रको काहिरामा चलिरहेको आईएसएसएफ विश्व चैंपियनशिपमा पुरुषहरुको 25 मीटर रैपिड फायर पिस्टल स्पर्धामा रजत पदक जीतेर इतिहास रचेका छन्।

**अंगोलामा राष्ट्रपति**

राष्ट्रपति द्रौपदी मुर्मुले आज लुआंडामा अंगोलाको संसदलाई संबोधित गर्नुहुनेछ। राष्ट्रपतिले अंगोलामा भारतीय समुदायसित पनि बातचीत गर्नुहुनेछ। अंगोलामा भारतीय समुदायको संख्या लगभग 8 हजार रहेको छ। राष्ट्रपति मुर्मुले हिज अंगोलाका राष्ट्रपति जोआओ लौरेंकोको साथ व्यापक चर्चा गर्नुभयो।

श्रीमती मुर्मु 8 नवंबर देखि 13 नवंबरसम्म अंगोला र बोत्सवानाको भ्रमणमा हुनुहुन्छ।यो कुनैपनि भारतीय राष्ट्राध्यक्षको यी दुई अफ्रीकी देशहरुको पहिलो भ्रमण हो।

**प्रधानमंत्री बुद्ध अवशेष**

प्रधानमंत्री नरेन्द्र मोदीले भारतदेखि थिम्पू पुगेका भगवान बुद्धको पवित्र अवशेषहरुको श्रद्धापूर्ण स्वागतको लागि भूटानका मानिसहरु र नेतृत्वको सराहना गर्नुभयो। एक सोशल मीडिया पोस्टमा , श्री मोदीले भन्नुभयो कि यो अवशेष शांति, करुणा र सद्भावको शाश्वत संदेशको प्रतीक हो। उहाँले अघि भन्नुभयो कि भगवान बुद्धको शिक्षाहरु भारत र भूटानको साझा आध्यात्मिक विरासतबीच एक पवित्र कड़ी हो।

**प्रधानमंत्री-भूटान यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि भुटानको दुई दिने भ्रमणमा रहनुहुनेछ । भ्रमणका क्रममा श्री मोदी र भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुकले एक हजार बीस मेगावाट क्षमताको पुनात्साङछु--II जलविद्युत परियोजनाको उद्घाटन गर्नुहुनेछ।

भारत र भुटानले संयुक्त रुपमा यो परियोजना विकास गरेका हुन् । प्रधानमन्त्री नरेन्द्र मोदीले भुटानका चौथो राजा जिग्मे सिङ्ये वाङचुकको ७० औं जन्मजयन्तीका अवसरमा आयोजित समारोहमा सामेल हुनुहुनेछ साथै भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेसँग पनि भेटवार्ता गर्नुहुनेछ । श्री मोदीले थिम्पुको ताशिचोद्जोङमा वैश्विक शान्ति प्रार्थना समारोहमा भाग लिनुहुनेछ र अवशेषहरुको पुजा अर्चना गर्नुहुनेछ ।विदेश मन्त्रालयले भनेको छ, प्रधानमन्त्रीको यस भ्रमणले दुई देशबीच द्विपक्षीय साझेदारीलाई बढाउने र सुदृढ पार्ने तरिकाहरू छलफल गर्ने र आपसी हितका क्षेत्रीय र व्यापक मुद्दाहरूमा विचार आदानप्रदान गर्ने अवसर प्रदान गर्नेछ।

**बिहार चुनाव**

बिहारमा विधानसभा चुनावको दोस्रो र अन्तिम चरणको निर्वाचनका लागि सबै तयारी पूरा भइसकेको छ। यस चरणमा 20 जिल्लाका 122 निर्वाचन क्षेत्रमा भोलि मतदान हुँदैछ। 3 करोड 70 लाखभन्दा बढी मतदाताहरूले 136 महिलासहित 1 हजार 3 सय दुई उम्मेदवारहरूको भाग्यको फैसला गर्नेछन्। मतदान बिहान सात बजे सुरु हुनेछ र साँझ छ बजे समाप्त हुनेछ। सुरक्षाको कारण देखाउँदै सात निर्वाचन क्षेत्रमा साँझ पाँच बजेसम्म मतदान स्थगित हुनेछ । यस चरणका लागि प्रचार अभियान हिजो साँझ समाप्त भएको छ । नोभेम्बर 6 मा भएको पहिलो चरणको निर्वाचनमा करिब 65 प्रतिशत मतदान भएको थियो । मतगणना नोभेम्बर 14 मा हुनेछ ।

**शिवराज-ओडिसा भ्रमण**

केन्द्रीय कृषि एवम् किसान कल्याण मन्त्री शिवराज सिंह चौहान आज उडिसाको भ्रमणमा जानु हुनेछ र किसानहरूको आय बढाउने, पोषण सुरक्षा सुनिश्चित गर्ने र राज्यमा प्राकृतिक खेती पद्धतिहरूलाई बढावा दिने प्रमुख कार्यक्रम हरूमा भाग लिनुहुनेछ। श्री चौहानले
मण्डिया दिवस अथवा मिलेट डे कार्यक्रमको उद्घाटन सत्रमा प्रमुख अतिथिको रूपमा भाग लिनुहुनेछ। उहाले यस अवसरमा रा ज्य अनि देशका अन्य भागहरूमा बाजराको उत्पादन, प्रशोधन र उपभोगलाई प्रोत्साहित गर्न केन्द्रले गरेका पहलहरूको बारेमा प्रकाश पर्नु हुनेछ । त्यसपछि कृषि मन्त्रीले कटकको सदर क्षेत्रको भ्रमण गर्नु हुनेछ साथै खेतको भ्रमण गर्नु हुनेछ र किसानहरूसँग प्रत्यक्ष कुराकानी गर्नु
हुनेछ। उहाँले प्रमुख राष्ट्रिय कृषि पहलहरूको कार्यान्वयनलाई सुदृढ पार्नको लागि आई.सी.ए.आर-
केन्द्रीय धान अनुसन्धान संस्थानमा संयुक्त रणनीतिक बैठकमा पनि भाग लिनुहुनेछ।

**वंदे मातरम्**

देश आफ्नो राष्ट्रीय गीत, वंदे मातरमको 150औ वर्षगांठ मनाइरहेको छ । यस गीतले कयौ पीढ़िहरुलाई एकजुट हुन् , विदेशी शासन विरूद्ध उभिन र राष्ट्र भावनाको उत्सव मनाउँका लागि प्रेरित गरेको छ । आज हामी वंदे मातरमको भावनाले कसरी विश्वभरका क्रान्तिकारीहरूलाई भारतको सीमाभन्दा बाहिर स्वतन्त्रताको लागि लड्न प्रेरित गररेको छ, बताउन गइरहेका छौ ।

एक रिपोर्ट - **byte**

**जीएसटी सुधार - स्टेशनरी**

नरेन्द्र मोदी सरकार द्वारा विभिन्न क्षेत्रहरुमा जीएसटी दर घटे पछि , 22 सितम्बरदेखि शुरू भएको जीएसटी बचत उत्सवबाट देशभरका नागरिकहरुलाई लाभ पुगिरहेको छ । यस श्रीखलामा आज हामी यहाँहरुलाई जानकारी दिइरहेका छौं कि आगामी पीढ़ीका जीएसटी सुधारहरुबाट स्टेशनरी क्षेत्रलाई कसरी बढ़ावा मिलिरहेको छ ।

Byte

**असम - बहुविवाह विरोधी विधेयक**

एक प्रमुख सामाजिक पहल अन्तर्गत, असम क्याबिनेटले असम बहुविवाह निषेध विधेयक, 2025 लाई अनुमोदन गरेको छ। यसको उद्देश्य छैटौं अनुसूचीका क्षेत्रहरू बाहेक राज्यभरि बहु-विवाहको प्रथालाई गैरकानुनी ठहराउनु अनि उन्मूलन गर्नु

हो। यस विधेयकले ती व्यक्तिलाई विवाह गर्नबाट निषेध गर्दछ जसले पहिले नै विवाह गरिसकेका अनि पति वा पत्नी जीवित छन् र कानुनी रूपमा अलग भएका छैनन्, वा उनीहरूको अघिल्लो विवाह सम्बन्ध विच्छेदको आदेशले विघटन गरेको छैन। विधेयकमा बहुविवाहबाट पीडित महिलालाई क्षतिपूर्तिको व्यवस्था गरिएको छ।

**प्रधानमंत्री आयनमैन**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज गोवामा आयरन म्यान 70.3 जस्ता कार्यक्रमहरूमा युवाहरूको बढ्दो सहभागिताको स्वागत गर्नुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले यस्ता कार्यक्रमहरूले फिट इन्डिया अभियानमा योगदान पुर्याउने बताउनु भएको छ।

**आईएसएसएफ - अनीश भानवाला**

शुटिंगमा , भारतका अनीश भानवालाले मिस्रको काहिरामा चलिरहेको आईएसएसएफ विश्व चैंपियनशिपमा पुरुषहरुको 25 मीटर रैपिड फायर पिस्टल स्पर्धामा रजत पदक जीतेर इतिहास रचेका छन्। अनीशले फाइनलमा 28 निशाना लगाएका थिए। यस उल्लेखनीय प्रदर्शनको साथ, अनीश ओलंपिक स्पर्धामा विश्व चैंपियनशिप पदक जीतने पहिलो भारतीय व्यक्तिगत पिस्टल शुटर बनेका छन्।

****** ० ******